www.aayogtayarinepal.com

Monthly e-Book

# आयोग तयारी समसामयिक

## २०८१ बैशाख संस्करण



*२०८१ बैशाख भन्दा पुरानो समसामयिक [हेर्न / Download गर्न यहाँ क्लिक गर्नुहोस](#)*


राष्ट्रिय समसामयिक ..... 3

- देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति ..... 3
- कामीरिता शेर्पा २९ औं पटक सगरमाथाको सफल आरोहण ..... 3
- स्मुथ ट्रान्जिसन स्ट्राटेजी' सार्वजनिक ..... 3
- कोशी प्रदेशको मुख्यमन्त्रीमा हिक्मतकुमार कार्की नियुक्त ..... 4
- सुनकोशी–मरिण डाइभर्सन सुरुङको ब्रेक थ्रु ..... 4
- प्रथम महिला सचिव चन्द्रकला किरणको निधन ..... 4
- आ. व. २०८०/८१ को वार्षिक राष्ट्रिय लेखा तथ्याङ्क सार्वजनिक गरिएको छ ..... 5
- तेस्रो अन्तराष्ट्रिय लगानी सम्मेलन २०२४ सम्पन्न ..... 7
- प्रतिनिधि सभा र प्रदेशसभा उपनिर्वाचन २०८१ सम्पन्न ..... 7
- कतारका अमिर (राजा) नेपाल भ्रमणमा ..... 7
- महालेखा परीक्षकमा तोयम राया नियुक्त ..... 8
- सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा दिर्घ सोडारी नियुक्त ..... 8
- व्यक्तिगत घटना दर्ता सप्ताह ..... 8
- ८ हजार मिटरभन्दा अग्ला हिमाल ४४ पटक चढेर निर्मल पुर्जाले बनाए कीर्तिमान ..... 9

अन्तराष्ट्रिय समसामयिक ..... 10

- युक्रेनले सार्वजनिक गर्यो विश्वकै पहिलो डिजिटल एआइ कुटनीतिज्ञ ..... 10
- चीनले अन्तरिक्ष केन्द्रमा ३ अन्तरिक्ष यात्री ..... 10

दिवस र नाराहरु ..... 11


Aayog Tayari

- विश्व नर्स दिवस २०२४ ........ 11
- कानुन दिवस २०८१ ........ 11
- विश्व रेडक्रस दिवस २०२४ ........ 11
- नवौं राष्ट्रिय पत्रकारिता दिवस २०८१ ........ 11
- विश्व प्रेस स्वतन्त्रता दिवस २०२४ ........ 12
- सातौं राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०८१ ........ 12
- लेखक दिवस २०८१ ........ 12
- अन्तराष्ट्रिय श्रमिक दिवस २०२४ मनाइएको छ ........ 13
- २८ औं राष्ट्रिय चिया दिवस २०८१ ........ 13
- विश्व औलो दिवस २०२४ ........ 13
- पृथ्वी दिवस २०२४ ........ 14

खेलकुद समसामयिक ........ 15

- ब्याडमिन्टनका प्रिन्स दाहाल पेरिस ओलम्पिक २०२४ को लागि छनोट ........ 15
- ट्वान्टी-२० विश्वकप क्रिकेटका लागि नेपाली टोली घोषणा ........ 15
- युएईले एसीसी ट्वान्टी–२० प्रिमियर कप क्रिकेटको उपाधि जितेको छ ........ 16
- दिपेन्द्र सिंह ऐरीले एकै ओभरमा ६ छक्का प्रहार गरी किर्तिमान कायम ........ 16

पुरस्कार र सम्मान ........ 17

- 'गल्ली संसार'लाई उत्तम शान्ति पुरस्कार २०८० ........ 17
- ग्लोबल आइएमईलाई 'बेस्ट बैंक अवार्ड' ........ 17
- थाङ्ग्रा र जङ्क्सन पिपलबोटलाई पहिचान पुरस्कार २०८० ........ 17
- २०८१ को बसुन्धरा श्री र मानश्री पुरस्कार घोषणा ........ 17
- 'ह्विट्ली अवार्ड'बाट नेपाली संरक्षणकर्मी पुरस्कृत ........ 18


Aayog Tayari

# राष्ट्रिय समसामयिक

## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

**(आर्थिक वर्ष २०८०-८१ को नौ महिनाको तथ्याङ्कमा आधारित)**

- मुद्रास्फीति : ४.६१%
- आयात : २.८% ले घटेको
- निर्यात : ३.७% ले घटेको
- कुल वस्तु व्यापार घाटा : २.८% ले घटेको
- विप्रेषण : १९.८ % ले बढेको
- शोधनान्तर स्थिति : ३ खर्ब ६५ अर्ब १६ करोड बचतमा
- कुल विदेशी विनिमय संचिति : १९ खर्ब ११ अर्ब ८६ करोड
- नेपाल सरकारको खर्च : ९ खर्ब ९ अर्ब ३९ करोड
- राजश्व परिचालन : ७ खर्ब ४८ अर्ब ४ करोड
- बैंकमा निक्षेप संकलन : ७.२% ले बढेको
- निजि क्षेत्रमा कर्जा प्रवाह : ४.६% ले बढेको

*नेपाल राष्ट्र बैंक द्वारा २०८१ बैशाख ३० गते सार्वजनिक तथ्यांक*

## कामीरिता शेर्पा २९ औं पटक सगरमाथाको सफल आरोहण

- **कहिले ? : २०८१ बैशाख ३०**
- उनले **सबैभन्दा धेरै पटक सगरमाथाको चुचुरोमा पुगेको आफ्नै रेकर्ड तोडेका** हुन्
- कामिरिता शेर्पाले २८ औं पटक २०८० जेठ ९ गते सगरमाथाको सफल आरोहन गरेका थिए
- सगरमाथाको नयाँ उचाई ८ हजार ८ सय ४८.८६ मिटर कायम भएको छ
- सुलुखुम्बुका उनले पाकिस्तानमा रहेको संसारकै दोस्रो अग्लो हिमाल केटु एकपटक, चौथो अग्लो ल्होत्से एकपटक, छैटौं चोयु आठपटक र आठौं अग्लो मनास्लु हिमाल तीनपटक आरोहण गरिसकेका छन् ।

## स्मुथ ट्रान्जिसन स्ट्राटेजी' सार्वजनिक

- राष्ट्रिय योजना आयोगले **'नेपालको अतिकम विकसित मुलुकबाट स्तरोन्नति र सहज सङ्क्रमणकालीन रणनीति '** सार्वजनिक गरेको छ
- यसमा स्तरोन्नतिका क्रममा विभिन्न क्षेत्रमा पर्ने असर न्यूनीकरण गर्ने र स्तरोन्नतिपछिको लाभ कसरी लिने भन्ने विषय समेटिएको छ

**नेपालको विकासशिल मुलुकमा स्तरोन्नति :**

- नेपाल सन् **१९७१ देखि** संयुक्त राष्ट्र सङ्घको अतिकम विकसित देशहरुको सूचीमा छ ।
- **सन २०२१ नोभेम्बर २४** मा संयुक्त राष्ट्रसङ्घको **७६औं महासभा**ले तीन एसियाली देशहरु **नेपाल, बङ्गलादेश र लाओस**लाई पाँच वर्षको तयारी अवधि दिएर अतिकम विकसित देशको सूचीबाट स्तरोन्नति गर्ने प्रस्ताव अनुमोदन गरेको थियो ।

**स्तरोन्नतिले पर्न सक्ने असर (योजना आयोगको अध्ययन अनुसार):**

- निर्यात : ४.३% ले घट्ने
- समग्र व्यापार क्षेत्रको वृद्धिदर : ०.१२% ले घट्ने
- समग्र आर्थिक वृद्धिदर : ०.००६% घट्ने
- ११,४०० व्यक्ति बेरोजगार हुने

## कोशी प्रदेशको मुख्यमन्त्रीमा हिक्मतकुमार कार्की नियुक्त

- **कहिले ?: २०८१ बैशाख २७**
- **मुख्यमन्त्री : हिक्मतकुमार कार्की**
- **नियुक्त गर्ने प्रदेश प्रमुख : परशुराम खापुङ**
- राजनीतिक दल : नेकपा एमाले
- निवर्तमान मुख्यमन्त्री : केदार कार्की
- केदार कार्की २०८० आश्विन २७ गते मुख्यमन्त्री नियुक्त भएका थिए,

## सुनकोशी–मरिण डाइभर्सन सुरुङको ब्रेक थ्रु

- **कहिले ?: २०८१ बैशाख २६**
- **सुरुङको लम्बाई : १३.३ किलोमिटर**
- आयोजना को शिलान्यास : २०७७ साल फागुन २०
- आयोजनाको उद्देश्य : सुनकोशी नदीको पानी मरिण खोलामा झारेर ३१ मेगावाटभन्दा बढी क्षमताको बिजुली उत्पादन गर्ने र धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारामा वर्षौंभरि सिँचाइ सुविधा उपलब्ध गराउने ।
- यो आयोजना **राष्ट्रिय गौरवको रूपान्तरणकारी आयोजना** हो

## प्रथम महिला सचिव चन्द्रकला किरणको निधन

**प्रथम महिला सचिव चन्द्रकला किरणको निधन भएको छ**

- **कहिले ?: २०८१ बैशाख २०**
- किरणको ९४ वर्षको उमेरमा निधन भएको हो ।
- २००५ सालमा निजामती सेवामा प्रवेश गरेकी उनि **२०४१ सालमा नेपालको पहिलो महिला सचिव बनेकी** थिइन्

Aayog Tayari

- उनी २०४६ सालमा सेवानिवृत्त भएकी थिइन् ।

## आ. व. २०८०/८१ को वार्षिक राष्ट्रिय लेखा तथ्याङ्क सार्वजनिक गरिएको छ

- कहिले ?: २०८१ बैशाख १८
- सार्वजनिक गर्ने निकाय : राष्ट्रिय तथ्यांक कार्यालय

### आ.व. २०८०/८१ का प्रमुख आर्थिक सूचकहरु :

- **आर्थिक वृद्धिदर : ३.५४ %** (उपभोक्ता मूल्यका आधारमा ३.८७%)
- **नेपालको GDP : ५७ खर्ब ४ अर्ब**
- **आ. व. २०७९/८० को आर्थिक वृद्धि : २.३१ %**

### देशको GDP मा मुख्य क्षेत्रको योगदान

| क्षेत्र | GDP मा योगदान | वृद्धिदर |
|---|---|---|
| प्राथमिक | २४.६% | ३.०% |
| द्वित्तीय | १२.५% | १.२% |
| तृतीय | ६२.९ % | ४.५% |

### देशको कुल ग्राहस्थ उत्पादनमा औद्योगिक वर्गीकरण अनुसार विभिन्न क्षेत्रको योगदान (प्रतिशत)

| मुख्य क्षेत्र | औद्योगिक वर्गीकरण अनुसार | योगदान (०७९/८०) | आ.व. २०८०/८१ | |
|---|---|---|---|---|
| | | | योगदान | वृद्धिदर (आधारभूत मुल्यमा) |
| प्राथमिक | समग्र प्राथमिक क्षेत्र | २४.४ | २४.६ | ३ |
| | कृषि,वन र मत्स्यपालन | २३.९२ | २४.०९ | ३.०५ |
| | खानी तथा उत्खनन | ०.५१ | ०.४७ | २.३१ |
| द्वित्तीय | समग्र द्वित्तीय क्षेत्र | १३.१ | १२.५ | १.२ |
| | उत्पादनमूलक उद्योग | ५.१६ | ४.८७ | -१.६ |
| | विद्युत,ग्यास,वाष्प वातानुकुलित आपूर्ति सेवा | १.६२ | १.८१ | १७.४४ |
| | पानी आपूर्ति, ढल फोहोर व्यवस्थापन तथा पुन उत्पादनका क्रियाकलाप | ०.४६ | ०.४४ | २.८ |
| | निर्माण | ५.८५ | ५.४१ | -२.०७ |
| तृतीय (सेवा) | समग्र सेवा क्षेत्र | ६२.५ | ६२.९ | ४.५ |
| | थोक तथा खुद्रा व्यापार, गाडी तथा | १४.०९ | १३.८४ | ०.१६ |

| | | | | |
|---|---|---|---|---|
| | मोटरसाइकल मर्मत सेवा | | | |
| | यातायात तथा भण्डारण | ६.७३ | ७.२८ | ११.८९ |
| | आवास तथा भोजन सेवा | १.९६ | २.४२ | २१.८४ |
| | सूचना तथा संचार | १.९६ | १.९४ | ४.९१ |
| | वित्तीय तथा बिमाका क्रियाकलापहरु | ७.०४ | ६.८२ | ७.८० |
| | घरजग्गा कारोबारको सेवा | ८.२४ | ८.३३ | २.९८ |
| | पेशागत वैज्ञानिक तथा प्राविधिक सेवाहरु | ०.९६ | ०.९९ | ४.१५ |
| | प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ०.७० | ०.७१ | ४.०४ |
| | सार्वजनिक प्रशासन, रक्षा र अत्यावश्यक शान्ति सुरक्षा | ९.९७ | ९.६३ | ४.४९ |
| | शिक्षा | ८.३४ | ८.५० | २.७१ |
| | मानव स्वास्थ्य तथा सामाजिक कार्य | १.९२ | १.८७ | ५.५२ |
| | अन्य सेवाका क्रियाकलाप | ०.५९ | ०.५७ | ३.५३ |

| प्रमुख आर्थिक सूचकहरु | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|
| आर्थिक वृद्धिदर) आधारभूत मुल्यमा( | ५.२८ | २.३१ | ३.५४ |
| आर्थिक वृद्धिदर) उपभोक्ता मुल्यमा( | ५.६३ | १.९५ | ३.८७ |
| देशको कुल ग्राहस्थ उत्पादन) GDP) —आधारभूत मुल्यमा | ४२ खर्ब ५५ अर्ब ९८ करोड | ४७ खर्ब ३८ अर्ब ,९४ करोड | ५० खर्ब ५० अर्ब ९ करोड |
| देशको कुल ग्राहस्थ उत्पादन) GDP)— उपभोक्ता मुल्यमा | ४९ खर्ब ७६ अर्ब ५५ करोड | ५३ खर्ब ४८ अर्ब ५२ करोड | ५७ खर्ब ४ अर्ब ८४ करोड |
| देशको कुल राष्ट्रिय आय (GNI) | ५० खर्ब ५ अर्ब | ५४ खर्ब १० अर्ब | ५७ खर्ब ९२ |
| प्रतिव्यक्ति GDP (US$) | १४११ | १३८९ | १४३४ |
| प्रतिव्यक्ति राष्ट्रिय आय (US$) | १४१९ | १४०५ | १४५६ |
| GDP ओ तुलनामा अन्तिम उपभोग (प्रतिशत) | ९३.४२ | ९२.५९ | ९२.३८ |
| Gross Domestic Saving as percentage of GDP | ६.५८ | ७.४१ | ७.६२ |
| GDP को तुलनामा कुल राष्ट्रिय बचत (प्रतिशत) | २९.६३ | ३३.७९ | ३६.१५ |
| GDP को तुलनामा पुंजी निर्माण (प्रतिशत) | २८.९८ | २५.०८ | २४.४५ |
| GDP को तुलनामा निर्यात (प्रतिशत) | ६.७० | ६.९६ | ७.९४ |
| GDP को तुलनामा आयात (प्रतिशत) | ४२.२७ | ३४.६८ | ३३.७० |
| Resource Gap as percentage of GDP( +/-) | -१२.५३ | -१.३५ | २.७८ |
| GDP मा विप्रेषणको हिस्सा (प्रतिशत) | २०.२४ | २२.८२ | २२.९६ |

Aayog Tayari

## तेस्रो अन्तराष्ट्रिय लगानी सम्मेलन २०२४ सम्पन्न

- **सम्मेलन अवधि :** **२०८१ बैशाख १६ र १७ (२०२४ अप्रिल २८ र २९)**
- **नारा :** **#INVESTINNEPAL**
- प्रधानमन्त्री पुष्पकमल दाहालले सम्मेलनको उद्घाटन गरेका हुन् ।
- **नेपालले पेश गरेका आयोजना :** **१४८ वटा**
- ५५ देशबाट १६ सयभन्दा धेरै लगानीकर्ता र तिनका प्रतिनिधिहरूको सहभागीता रहेको
- पहिलो लगानी सम्मेलन २०७३ फागुन र दोस्रो २०७५ चैतमा आयोजना गरिएको थियो

## प्रतिनिधि सभा र प्रदेशसभा उपनिर्वाचन २०८१ सम्पन्न

- **निर्वाचन मिति :** **२०८१ बैशाख १५**
- **निर्वाचन भएको क्षेत्र :** **इलाम–२ (प्रतिनिधिसभा) र बझाङ १ (क) (प्रदेशसभा)**
- इलाम- २ मा एमालेबाट निर्वाचित सुवासचन्द्र नेम्बाङ र बझाङ-१ मा कांग्रेसबाट निर्वाचित पृथ्वीबहादुर सिंहको निधन भएपछि ति स्थान रिक्त रहेका थिए
- सुदूरपश्चिम प्रदेश सरकारका आन्तरिक मामिला मन्त्री समेत रहेका सिंहको २०८० असार ५ मा सडक दर्घटनामा परी निधन भएको थियो ।
- संविधानसभाका अध्यक्ष समेत रहेका इलामका **नेम्बाङको २०८० भदौ २६ मा निधन** भएको थियो ।

**इलाम २ :**

- विजयी उम्मेदवार : सुहाङ नेम्वाङ (नेकपा एमाले, २७,७७२ मत)
- निकटतम प्रतिद्वन्दी : डम्बर खड्का (नेपाली कांग्रेस, २१,९४२ मत)

**बझाङ १ (क)**

- विजयी उम्मेदवार : दमनबहादुर भण्डारी (नेकपा एमाले, ११,६१३ मत)
- निकटम प्रतिद्वन्दी : अभिषेक सिंह (नेपाली कांग्रेस, ११,३४६ मत)

## कतारका अमिर (राजा) नेपाल भ्रमणमा

- **कहिले ? :** **२०८१ बैशाख ११ र १२**
- **राजाको नाम :** **तमिम बिन हमाद अल थानी**
- खाडी राष्ट्रहरूबाट नेपालमा भएको यो हालसम्मै सबैभन्दा उच्चस्तरको भ्रमण हो ।
- सन् १९८० मा जन्मिएका थानी सन् २०१३ देखि कतारमा शासन गरिरहेका छन् ।
- नेपाल र कतारबीच २ सम्झौता, ६ समझदारीका विषयमा हस्ताक्षर भएको छ
- नेपालले उपहार दिने हात्ती : 'रुद्रकली' र 'खगेन्द्रप्रसाद'

Aayog Tayari

## नेपाल कतार सम्बन्ध :

- **कुटनीतिक सम्बन्ध स्थापना : सन् १९७७ जनवरी २१**
- कतारमा नेपाली दुतावास : सन् २००० जुलाई ११ मा स्थापना
- नेपालमा कतारी दुतावास : सन् २०११ मा स्थापना
- **द्विपक्षीय श्रम सम्झौतामा हस्ताक्षर : २००५ मार्च २१**
- श्रम सम्बन्धी प्रोटोकलमा हस्ताक्षर : २००८ जनवरी २०
- कतारबाट आयात (आ.व. २०७९/८०) : १३ अर्ब ३० करोड ६९ लाख १६ हजार
- नेपालबाट निर्यात ( आ.व. २०७९/८०) : ११ करोड ६ लाख ८८ हजार रुपैयाँ
- सर्वाधिक आयात हुने वस्तु ( आ.व. २०७९/८०) : सुन (११ अर्ब १४ करोड) र युरिया
- सर्वाधिक निर्यात ( आ.व. २०७९/८०): कृषिजन्य उत्पादन, कपडा र कार्पेट

## महालेखा परीक्षकमा तोयम राया नियुक्त

- **कहिले ? : २०८१ बैशाख ६**
- राष्ट्रपति रामचन्द्र पाैडेलले नेपालकाे संविधानकाे धारा २४० काे उपधारा(२) बमाेजिम रायालाई महालेखा परीक्षकमा नियुक्त गरेका हुन्।
- तोयम राया यस अघि अर्थ सचिव र प्रमुख तथ्यांक अधिकारीको रुपमा काम गरिसकेका छन् ,
- २०८० जेठ ८ गते टंकमणि शर्मा सेवानिवृत्त भएपछि यो पद रिक्त रहेको थियो।
- महालेखापरीक्षकको **कार्यकाल ६ बर्षको** रहन्छ

## सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा दिर्घ सोडारी नियुक्त

- **कहिले ? : २०८१ बैशाख ६**
- **नव नियुक्त मुख्यमन्त्रि : दिर्घ बहादुर सोडारी**
- राजनीतिक दल : नेकपा (एकीकृत समाजवादी)
- प्रदेश प्रमुख नजिर मियाँले सोडारीलाई मुख्यमन्त्रीमा नियुक्त गर्नुभएको हो ।
- यस अघि **कमल बहादुर शाह** सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्री थिए

## व्यक्तिगत घटना दर्ता सप्ताह


- हरेक बर्ष **बैशाख १ देखि बैशाख ७ गते सम्म** व्यक्तिगत घटना दर्ता सप्ताह को रुपमा मनाउने गरिन्छ
- वि स २०६७ देखि यो दिवस / सप्ताह मनाउन थालिएको हो ,
- नेपालमा वि स २०३४ बाट व्यक्तिगत घटना दर्ता कार्यको आरम्भ भएको थियो
- सरकारले **वि स २०८० (सन् २०२४ )** सम्म जन्मदर्ता शत प्रतिशत पुर्‍याउने लक्ष्य राखेको थियो

Aayog Tayari

## ८ हजार मिटरभन्दा अग्ला हिमाल ४४ पटक चढेर निर्मल पुर्जाले बनाए कीर्तिमान

- **कहिले ? :** **२०८१ बैशाख १**
- विश्वकै अग्लो शिखर सगरमाथासहित संसारभरका ८ हजार मिटरमाथिका १४ वटा हिमालमा यो उनको ४४ औं आरोहण हो ।
- निर्मल पुर्जा पछी कामिरिता शेर्पा ३८ पटक ८ हजार मिटर भन्दा अग्ला हिमाल चढेका छन्

Aayog Tayari





*Aayog Tayari provides updated Current Affairs for exams & interview.*

# अन्तराष्ट्रिय समसामयिक


## युक्रेनले सार्वजनिक गर्यो विश्वकै पहिलो डिजिटल एआइ कुटनीतिज्ञ

- **कहिले ? :** २०२४ मे १
- **AI प्रवक्ताको नाम :** भिक्टोरिया सी (Victoria Shi)
- युक्रेनको **परराष्ट्र मन्त्रालय**ले आफ्ना आधिकारिक जानकारी सार्वजनिक गर्न डिजिटल प्रवक्ता तयार गरेको हो, जसले मानिसले जस्तै सुचना प्रवाह गर्न सक्दछ




## चीनले अन्तरिक्ष केन्द्रमा ३ अन्तरिक्ष यात्री

- **कहिले ? :** २०२४ अप्रिल २५
- चिनले निर्माण गरेको अन्तरिक्ष केन्द्रमा **पहिलोपटक** मानिस पठाएको हो,
- **अन्तरिक्ष यात्रीहरु :** ये गुआंगफु, ली कङ्ग र ली गुआङ्सु
- **अन्तरिक्ष यानको नाम :** शेन्झाउ-१८
- **यान प्रक्षेपण गरिएको स्थान :** उत्तरपश्चिम चीनको जिउक्वान स्याटेलाइट प्रक्षेपण केन्द्र
- चिनिया अन्तरिक्षयात्रीलाइ **टाईकोनटस (taikonauts)** भनिन्छ
- चीनले सन् २०३० सम्म चन्द्रमामा मानिस पठाउने लक्ष्य लिएको छ

# दिवस र नाराहरु

## विश्व नर्स दिवस २०२४

- हरेक बर्षको **May 12** मा विश्व नर्स दिवस मनाउने गरिन्छ
- सन् २०२४ को नारा **'Our Nurses. Our Future. The economic power of care'** राखिएको थियो !
- Lady With The Lamp उपनामले चिनिने Florence Nightingale (फ्लोरेन्स नाईटिन्गेल) को जन्मदिनको सम्झनामा यो दिवस मनाउने गरिन्छ
- उनको जन्म **१८२० मे १२ मा इटालीको फ्लोरेन्स** शहरमा भएको थियो ! *(लोकसेवाले सोधेको)*
- यो दिवस सन् 1965 देखि International Council of Nurses(ICN) को पहलमा मनाउन थालिएको हो !

## कानुन दिवस २०८१

- नेपालमा हरेक बर्ष **बैशाख २६** मा कानुन दिवस मनाइन्छ ,
- कानुन दिवस **२०३१ सालदेखि मनाउन थालिएको** हो ,
- नेपाल प्रधानन्यायालय ऐन, २००८ विक्रम संवत् **२००९ वैशाख २६ गते लागू भएको सम्झनामा** प्रत्येक वर्ष वैशाख २६ को दिनलाई कानुन दिवसका रूपमा मनाउने गरिन्छ

## विश्व रेडक्रस दिवस २०२४

- विश्व रेडक्रस दिवस **हरेक बर्षको May 8 मा मनाउने** गरिन्छ,
- सन् २०२४ को नारा : ***"I give with joy, and the joy I give is a reward."***
- सन् २०२३ को नारा : ***'Everything we do comes from the heart'***
- यो दिवस रेडक्रसका जन्मदाता **हेनरी ड्युनाको जन्मदिनको सम्झनामा** मनाइन्छ ,
- हेनरी ड्युनाको जन्म **8 May 1828 मा** भएको थियो भने मृत्यु 30 October 1910 मा भएको थियो ,
- **पहिलो रेडक्रस दिवस मे ८, १९४८ मा मनाइएको** थियो।

## नवौं राष्ट्रिय पत्रकारिता दिवस २०८१

- **कहिले ? : २०८१ बैशाख २४**
- **२०८० को नारा : 'पत्रकारितामा खोज र नवीनता : लोकतान्त्रिक गणतन्त्रको सफलता'**
- नेपालमा गोरखापत्र प्रकाशन भएको दिनको अवसर पारेर वैशाख २४ गतेलाई राष्ट्रिय पत्रकारिता दिवस मनाउने गरिन्छ
- यो दिवस वि स **२०७३ सालदेखि मनाउन थालिएको** हो
- विसं १९५८ वैशाख २४ गतेदेखि साप्ताहिकरूपमा गोरखापत्रको प्रकाशन सुरु भएको थियो ।

## विश्व प्रेस स्वतन्त्रता दिवस २०२४

- **कहिले ? : २०२४ मे ३**
- हरेक बर्षको मे ३ मा यो दिवस मनाउने गरिन्छ
- **सन् २०२४ को नारा : "A Press for the Planet: Journalism in the Face of the Environmental Crisis."**
- **सन् २०२३ को नारा : "भविष्यको अधिकार सुनिश्चितता : मानव अधिकारको संवाहक अभिव्यक्ति स्वतन्त्रता"**
- युनेस्कोको आयोजनामा अफ्रिकी राष्ट्र नामिबियाको विन्डहक शहरमा भएको पत्रकारको सम्मेलनले 'बहुलवादी र स्वतन्त्र प्रेसको लागि विण्डहक घोषणापत्र' जारी गरेको थियो ।
- त्यसैको सम्झनामा **सन् १९९३ देखि संयुक्त राष्ट्रसङ्घले यो दिवस मनाउने निर्णय गरेको** हो ।

## सातौं राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस २०८१

- **कहिले ? : २०८१ बैशाख १९**
- हरेक बर्षको बैशाख १९ मा राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस मनाउने गरिन्छ
- **२०८१ को नारा : 'समृद्ध नेपालको आधार, सूचना, प्रविधि र संचार'**
- **२०८० को नारा : 'सुरक्षित सूचना प्रविधि, सुशासन र समृद्धि'**
- वि स **२०७५ सालदेखि यो दिवस मनाउन थालिएको** हो,
- नेपालमा कम्प्युटर एसोसिएशन नेपाल (क्यान) स्थापना भएको दिनको सम्झनामा यो दिवस मनाउने गरिन्छ

## लेखक दिवस २०८१

- **कहिले ? : २०८१ बैशाख १६**
- **पहल गर्ने निकाय : नेपाली लेखक संघ**
- नेपाली लेखक संघले **'लाइब्रेरी पर्वको' घटेको दिन पारेर** हरेक बर्ष बैशाख १६ लाई लेखक दिवसको रुपमा मनाउने निर्णय गरेको हो

### लाइब्रेरी पर्व

- **१९८७ बैशाख १६ गते :** सरस्वती गुठी नामक सामाजिक संस्था स्थापना गरी त्यसमार्फत पुस्तकालय सञ्चालन गर्ने उद्देश्यले ४५ जना कवि तथा लेखक एवं बुद्धिजीवीले हस्ताक्षर गरी श्री ३ भीम शमशेर समक्ष निवेदन पेस गर्दा श्री ३ महाराजले निवेदनमा हस्ताक्षर गर्ने सबै युवालाई दरबारमा बोलाउन लगाई दण्डित गरेको दिन
- यस दिनलाई नेपालको इतिहासमा **पुस्तकालय पर्व**का रूपमा पनि चिनिन्छ।

Aayog Tayari

## अन्तराष्ट्रिय श्रमिक दिवस २०२४ मनाइएको छ

- हरेक बर्ष **May 1** मा अन्तराष्ट्रिय श्रमिक दिवस मनाइन्छ ,
- यो **१३५ औं श्रमिक दिवस** हो ,
- **२०२४ को राष्ट्रिय नारा : 'मर्यादित काम, श्रमिकको सम्मान : हाम्रो अभियान**
- नेपालमा **सन् २००७ देखि यो दिवस मनाउन थालिएको** हो ,
- सन् १८८६ मा अमेरिकाबाट सुरु भएको यो अभियानलाइ **सन् १९९० देखि दिवसको रुपमा मनाउन थालिएको** हो,

## २८ औं राष्ट्रिय चिया दिवस २०८१

- **कहिले ? : २०८१ बैशाख १५ गते**
- **२०८१ को नारा : 'कृषि, पर्यटन र औद्योगिकीकरण, नेपाली चियाको दिगो बजारीकरण'**
- २०८० को नारा : 'गुणस्तर निर्यात र आर्थिक उपार्जन बढाऔं, चिया क्षेत्रलाई राष्ट्रको समृद्धिसँग जोडौं '
- आर्थिक बर्ष २०७९/८० मा नेपालबाट ३ अर्ब ९३ करोड ७२ लाख रुपैयाँबराबरको १ करोड ६५ लाख ९४ हजार किलो चिया निर्यात गरेको छ ।
- नेपालमा विशेषतः ३ प्रजातिको चिया खेती गरिन्छ । आसामी (*Camelia asamica* ) र कम्बोडियाली (*Camelia asamica* spp *lasiocalyx*) प्रजातिको चिया सिटिसी चिया उत्पादनको लागि प्रयोग हुन्छ भने चिनिया प्रजातिको चिया (*Camellia sinesis*) मुख्यतया अर्थोडक्स चियाको उत्पादनमा प्रयोग हुन्छ ।
- वि.सं. १९२०मा तत्कालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले चीन भ्रमणबाट फर्कंदा चिनिया जातको चियाको बीउ उपहार स्वरूप तत्कालीन चिनिया सम्राटबाट लिई नेपालमा भित्र्याएका थिए भनिन्छ।
- सो चियाको बीउ रोप्ने आदेश इलामका तत्कालीन बडाहाकिम तथा जङ्गबहादुरका ज्वाइँ गजराज सिंह थापालाई भएपछि वि.सं.१९२० मा इलाम चिया कमान र त्यसको दुई वर्षपछि झापाको फाँटमा सोक्तिम चिया कमानको स्थापनाबाट नेपालमा चिया खेतीको शुरूवात भएको देखिन्छ ।
- वि.सं. २०१६ सालमा झापा जिल्लाको रङ्गियाडाँडामा बुधकरण चिया बगानको नाममा निजी स्तरको पहिलो चिया बगान स्थापना भयो ।
- त्यस्तै, सरकारी स्तरमा पनि वि.सं. २०२३ असोज २३ गते नेपाल चिया विकास निगमको स्थापना भयो ।
- २०३९ सालमा तत्कालिन राजा वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालमा नेपाल सरकारले पूर्वाञ्चलका ५ वटा जिल्ला (झापा, धनकुटा, तेह्रथुम, पाँचथर र इलाम)लाई चियाक्षेत्र घोषणा गरेको हो ।

## विश्व औलो दिवस २०२४

- **कहिले ? : २०२४ अप्रिल २५**
- हरेक बर्षको अप्रिल २५ मा विश्व औलो दिवस (World Maleria Day) मनाउने गरिन्छ
- **सन् २०२४ को नारा : "Accelerate the fight against malaria for a more equitable world."**
- यो दिवस सन् **२००८ देखि** मनाउन थालिएको हो

Aayog Tayari

- सरकारले सन् **२०२६ सम्ममा मुलकलाई औलोमुक्त** राष्ट्रका रुपमा पुर्याउने उद्देश्य लिएको छ ।
- औलो **एनोफिलिज जातको पोथी लामखुट्टे**को टोकाईबाट सर्ने सरुवा रोग हो । मलेरिया परजीवी (Parasite) को कारणले औलो रोग लाग्ने गर्दछ ।

## पृथ्वी दिवस २०२४

- **कहिले ? :** २२ अप्रिल २०२४
- हरेक बर्षको अप्रिल २२ मा पृथ्वी दिवस मनाउने गरिन्छ
- **सन् २०२४ को नारा :** ***"Planet Vs Plastic"***
- सन् १९७० मा अमेरिकाबाट यो दिवस मनाउन सुरु गरिएपनि सन् २००९ मा राष्ट्रसंघको ६३औं महासभाले अप्रिल २२ तारिखलाई विश्वभर पृथ्वी दिवसका रूपमा मनाउने निर्णय गरेअनुसार अहिले यो दिवस विश्वभर मनाइन्छ।

Aayog Tayari

Scan & Install App
4.6 ★★★★★
Reviews in Play Store
Section officer GK AS EXAM
Section Officer Complete GK
LATEST CURRENT AFFAIRS UPDATES
Latest Current Affairs Update
Aayog Tayari App
- Daily Current Affairs Update
- MCQ Exams
- Old Questions
- Model Questions Sets
- Loksewa News & Alerts

# खेलकुद समसामयिक

## ब्याडमिन्टनका प्रिन्स दाहाल पेरिस ओलम्पिक २०२४ को लागि छनोट

- नेपाली ब्याडमिन्टनका युवा स्टार **प्रिन्स दाहाल**ले पेरिस ओलम्पिक २०२४ खेल्ने भएका छन् ।
- ओलम्पिकमा ब्याडमिन्टनबाट **पहिलो नेपाली सहभागिता** हुने भएको हो
- फ्रान्सको पेरिसमा **२०२४ जुलाई २६ देखि अगस्ट ११** सम्म ग्रिष्मकालिन ओलम्पिक आयोजना हुदैछ

## ट्वान्टी-२० विश्वकप क्रिकेटका लागि नेपाली टोली घोषणा

**ट्वान्टी-२० विश्वकप क्रिकेटका लागि नेपाली टोली घोषणा गरिएको छ**

- कहिले ?: २०८१ बैशाख १९
- नेपाल क्रिकेट संघ(क्यान) ले रोहित पौडेलको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको हो

**नेपाली टोलि :**

- रोहित पौडेल (कप्तान )
- दीपेन्द्रसिंह ऐरी,
- आसिफ शेख,
- अनिलकुमार साह,
- कुशल भुर्तेल,
- कुशल मल्ल,
- ललित राजवंशी,
- करण केसी,
- गुलसन झा,
- सोमपाल कामी,
- प्रतिश जीसी,
- सन्दीप जोरा,
- अबिनाश बोहरा,
- सागर ढकाल र
- कमलसिंह ऐरी

Aayog Tayari

## युएईले एसीसी ट्वान्टी–२० प्रिमियर कप क्रिकेटको उपाधि जितेको छ

- **फाइनल खेल :** २०२४ अप्रिल २३
- **विजेता :** युएई
- **उप-विजेता :** ओमान
- जित संगै युएई एसियाकपमा प्रवेश गरेको छ
- यो प्रतियोगितामा नेपाल सेमिफाइनलमा युएई संग पराजित भएको थियो भने तेस्रो स्थानको खेलमा हंगकंग संग पराजित भएको थियो

## दिपेन्द्र सिंह ऐरीले एकै ओभरमा ६ छक्का प्रहार गरी किर्तिमान कायम

- **कहिले ? :** २०८१ बैशाख १
- **प्रतियोगिता :** एसीसी प्रिपियर कप २०२४
- **प्रतिद्वन्दी :** कतार
- बलर : कामरान खान
- मैदान : ओमानको मस्कट स्थित अल अमेरात
- अन्तर्राष्ट्रिय क्रिकेटमा लगातार ६ छक्का प्रहार गर्ने उनी पाँचौं खेलाडी बनेका छन् भने T-20 मा तेस्रो खेलाडी बनेका छन् ।

**अन्तराष्ट्रिय t-20 मा एकै ओभरमा ६ छक्का प्रहार गर्ने खेलाडीहरु :**

- युवराज सिंह (भारत)
- किइरन पोलार्ड (वेस्ट इन्डिज)
- दिपेन्द्र सिंह ऐरी (नेपाल)

Aayog Tayari

# पुरस्कार र सम्मान

## 'गल्ली संसार'लाई उत्तम शान्ति पुरस्कार २०८०

- कहिले ? : २०८१ बैशाख ३०
- 'गल्ली संसार' निबन्धकार रोशन शेरचनको निबन्ध संग्रह हो
- **पुरस्कार राशि :** १ लाख रुपैया
- २०७९ को उत्तम शान्ति पुरस्कार डा. नवराज केसीको पुस्तक 'शून्यको मूल्य' लाई प्रदान गरिएको थियो,

## ग्लोबल आइएमईलाई 'बेस्ट बैंक अवार्ड'

- **अवार्ड :** 'बेस्ट बैंक अवार्ड–२०२४'
- **प्रदान गर्ने निकाय :** ग्लोबल फाइनान्स म्यागेजिन (अमेरिका)
- ग्लोबल आइएमई ग्लोबल फाइनान्सको यो अवार्डबाट सम्मानित हुने पहिलो नेपाली बैंक हो

## थाङ्ग्रा र जङ्क्सन पिपलबोटलाई पहिचान पुरस्कार २०८०

- कहिले ? : २०८० बैशाख २२
- थाङ्ग्रा : प्रगति राइ द्वारा लिखित उपन्यास
- जङ्क्सन पिपलबोट : प्रकाश गुरागाईंद्वारा लिखित पुस्तक
- पुरस्कार प्रदान गर्ने निकाय : पहिचान पुरस्कार कोष
- पुरस्कार राशि : ४ लाख रुपैया

## २०८१ को बसुन्धरा श्री र मानश्री पुरस्कार घोषणा

- घोषणा मिति : २०८१ बैशाख ७
- बसुन्धरा श्री २०८१ :
  - भेषबहादुर थापा
  - थापा भारत र अमेरिकाका लागि नेपालका पूर्वराजदूतसमेत हुन् ।
  - पुरस्कारको राशी ७५ हजार रुपैयाँ रहेको छ।
- मानश्री २०८१ :
  - विन्देश्वरी शाह
  - शाह पहिलो नेपाली महिला राजदूत हुन् ।
  - पुरस्कारको राशी ७५ हजार रुपैयाँ रहेको छ।

## 'ह्विट्ली अवार्ड'बाट नेपाली संरक्षणकर्मी पुरस्कृत

- कहिले ?: २०२४ मे २ (२०८१ बैशाख २०)
- **पुरस्कार प्राप्त गर्ने व्यक्ति :** **राजु आचार्य (लाटोकोसेरो संरक्षण परियोजनाका लागि)**
- **पुरस्कार प्रदान गर्ने निकाय :** **ह्विट्ली फन्ड फर नेचर (बेलायत)**
- पुरस्कार राशि : ५० हजार पाउण्ड

Aayog Tayari

